# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८२/११/२७

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

**विषय: आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/११/१४ च.नं. ८६ को पत्रानुसार **"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०८२"** अनुसार नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम आ. व. २०८३/०८४ का लागि १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका विपन्न व्यक्ति वा न्यून आय भएका साथै स्वरोजगारमा समेत संलग्न नभएका बेरोजगार व्यक्तिले न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुनका लागि २०८२ **चैत्र मसान्तभित्र** आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई रोजगारीका लागि आवेदन फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय र सत्यवती गाउँपालिकाको वेवसाईट www.satyawatimun.gov.np मा उपलब्ध रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

<u>निवेदनका साथ आवश्यक पर्ने कागजातहरु :-</u>

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति,
२. निवेदकको पासपोर्ट साइजको फोटो - १ प्रति,
३. निवेदकको सम्पूर्ण परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि (निवेदकको परिवारका सदस्यहरुमध्ये नागरिकता नभएका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि),
४. निवेदक सोहि वडाको स्थायी बासिन्दा हुनुपर्नेछ भने अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।
५. निवेदकसँग तालिम वा अनुभव सम्बन्धी प्रमाणपत्र भएमा सो को प्रतिलिपि -१ प्रति,
६. वैदेशिक रोजगारीबाट फर्किएका वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट नम्बर र भएमा सीपको विवरण उल्लेख गर्नुपर्नेछ।

२०८२/११/२६

नेत्र प्रसाद पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत
नि० प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np